# गलकोट नगरपालिका

## गलकोट नगरपालिकाद्वारा प्रकाशित

**खण्ड-८ ) गलकोट, बागलुङ, भाद्र  गते, २०८१ साल (संख्या-३ )**

# भाग-१

## गलकोट नगरपालिकाको घरपालुवा तथा छाडा कुकुर व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावनाः**

गलकोट नगरपालिका भित्र स्वच्छ र सफा वातावरण कायम गर्न, घरपालुवा तथा छाडा कुकुरहरुबाट हुने प्रदूषण रोक्न, तिनको तथ्याङ्क राख्न छाडा कुकुरबाट हुने त्रास र आक्रमणबाट कम गर्न, तत्थ्याङ्क अध्यावधिक गर्न र कुकुरहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकाले,स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले गरेको व्यवस्था बमोजिम **गलकोट नगरपालिकाको घरपालुवा तथा**

**छाडा कुकुर व्यवस्थापन कार्यविधि, २०८१** बनाई गलकोट नगरपालिकाको कार्यपालिकाको मिति २०८१ / ५ / २३ गतेको बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " गलकोट नगरपालिकाको घरपालुवा तथा छाडा कुकुर व्यवस्थापन कार्यविधि २०८१" रहेको छ।

(२) यो कार्यविधि गलकोट नगरपालिका भित्र लागु हुनेछ।

(३) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्ररम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "घरपालुवा कुकुर" भन्नाले कुनै व्यक्ति वा संस्थाले आफ्नो घर-कम्पाउण्ड भित्र व्यवस्थित गरी आफ्नो सोख वा सुरक्षाका लागि पालिएका कुकुर भन्ने सम्झनुपर्छ।

(ख) "नगरपालिका" भन्नाले गलकोट नगरपालिकालाई सम्झनुपर्छ।

(ग) "छाडा कुकुर" भन्नाले कुनै व्यक्ति वा संस्थाको नियन्त्रणमा नरहेका र समुदायमा छाडा छोडिएका कुकुरलाई सम्झनुपर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस कार्यविधिले ब्यबस्था गरी तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ङ) "पशु सेवा शाखा" भन्नाले गलकोट नगरपालिकको पशु सेवा शाखा सम्झनुपर्छ।

(च) "वडा कार्यालय" भन्नाले गलकोट नगरपालिका मतहतका ११ वटै वडा कार्यालय सम्झनुपर्छ।

**३. घरपालुवा कुकुर दर्ता गर्नुपर्नेः** (१) नगरपालिकाको अनुमति बिना कसैले पनि घरपालुवा कुकुर राख्न वा पाल्न पाउने छैन।

(२) कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर नगरपालिकामा दर्ता गराई राख्न वा पाल्न सक्नेछन्।

(३) यो कार्यविधि प्रारम्भ हुनु पूर्व नै राखिएका वा पालिरहेका घरपालुवा कुकुरहरुको हकमा यो कार्यविधि प्रारम्भ भएको छ महिना भित्र दर्ता गरीसक्नु पर्नेछ।

(४) घर पालुवा कुकुर व्याएमा एक महिना भित्र छाउरा छाउरी दर्ता गर्नु पर्नेछ।

(५)यो कार्यविधि लागु भएपछि नगरपालिकाले घर पालुवा कुकुर दर्ताका लागि सूचना आव्हान गर्नेछ।

(६) नगरपालिकाले पहिलो पटकको लागि प्रत्येक वडामा घरपालुवा कुकुर दर्ताका लागि शिविर सञ्चालन गर्न सक्नेछ।

गलकोट नगरपालिका

**४. कुकुर दर्ता तथा नविकरणका लागि निवेदन दिनुपर्नेः** (१) कसैले घरपालुवा कुकुर राख्न वा पाल्न चाहेमा सो कुकुर दर्ताका लागि सम्बन्धित वडा कार्यालयसमक्ष अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन प्राप्त भएपछि वडा कार्यालयले आवश्यक जाँचबुझ गरी नगरपालिकाको पशु सेवा शाखामा सिफारिस गर्नेछ र पशु सेवा शाखाले कुकुर दर्ता गरी प्रमाण पत्र दिन सक्नेछ ।

(३) कुकुरधनीहरुले हरेक आर्थिक वर्ष सकिएको ३ महिना भित्र कुकुर दर्ता नविकरण गराउनु पर्नेछ ।

(४) उपदफा २ बमोजिम दिईने प्रमाणपत्रको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

(५) घरपालुवा कुकुर दर्ता दस्तुर रू १०००।- (एक हजार रुपैयाँ) र नविकरण दस्तुर रू ५००।- (पाँच सय रुपैयाँ) लाग्नेछ । तर एकान्त घर भएका कारण पालेको तथा कृषि पशुपालनको सहयोग स्वरुप पालेको कुकुरको हकमा ५०% कम लाग्नेछ ।

(६) घरपालुवा कुकर व्याएर छाउरा छाउरी पाएको हकमा एक महिना भित्र दर्ता गरेमा एक वर्ष सम्मको लागि कुनै शुल्क लाग्ने छैन। एक वर्षपछि भने नवीकरण शुल्क लाग्नेछ।

तर हक हस्तान्तरण गरी अन्य व्यक्तिले कुकुरको छाउरा पाल्न लगेमा उपरोक्त बमोजिमकै शुल्क लाग्नेछ।

**५. घरपालुवा कुकुर दर्ता गराए वापत नगरपालिकाले दिने सेवा सुविधाः** (१) नगरपालिका भित्र घरपालुवा कुकुरहरुको दर्ता गरेमा नगरपालिकाले निम्न सेवा सुविधा दिन सक्नेछ ।

क) कुकुरको परिचय नं. सहितको घाँटीमा बाध्ने बेल्ट/ट्यागिङ गरिनेछ र डिजिटल ट्यागिङ गर्न पनि बाधा पर्ने छैन ।

ख) रेविज खोप -१ डोज

ग) आन्तरीक तथा बाह्य परजीवि विरूद्धको आईभरमेक्टिन सुई - १ डोज

घ) नगरपालिकाका भेटरीनरी डाक्टर वा प्राबिधकहरु द्वारा निशुल्क परामर्श तथा स्वास्थ्य परिक्षण ।

**६. घरपालुवा कुकुर सम्बन्धि अन्य व्यवस्थाः** (१) आफुले पालेको कुकुर कुनै कारणवस कसैलाई स्थायी रुपमा हस्तान्तरण गर्नुपरेमा नगरपालिकाको रोहरबरमा दिने पक्षले लिने पक्षलाई स्वामित्व हस्तान्तरण गर्नुपर्नेछ ।

(२) दर्ता भएको घरपालुवा कुकुर हराएमा कुकुर धनीले सो को जानकारी नगरपालिकालाई गराउनुपर्नेछ ।

(३) घरपालुवा कुकुर धनिहरुले आफुले पालेका कुकुरहरु आफ्नो घर तथा कम्पाउन्ड भन्दा बाहिर जथाभावी छाडा छोड्न तथा दिशा पिसाब गराउन हुदैन ।

(४) घरपालुवा कुकुरहरुको दिशा पिशाब कुकुर धनीहरुले आफ्नो छरछिमेकिलाई असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्छ ।

(५) कुकुर धनीहरुले कुकुरलाई लगाउनु पर्ने सम्पुर्ण रोगहरुको खोप तथा जुकाको औषधी समयमै लगाउने तथा खुवाउने कार्य गर्नुपर्नेछ।

(६) घरपालुवा कुकुरको मृत्यु भएमा कुकुरधनीले सोको जानकारी नगरपालिकालाई गराउनुपर्नेछ।

(७) घरपालुवा कुकुरले कसैलाई टोकेमा वा कुनै प्रकारको क्षति पु-याएमा त्यसको सम्पूर्ण उपचारमा लाग्ने खर्च तथा क्षतिपुर्ती कुकुरधनिले व्यवहोर्नु पर्नेछ।

**७. छाडा कुकुर व्यवस्थापन सम्बन्धिः** (१) नगरपालिका भित्रका छाडा कुकुहरुको तथ्याङ्क राख्ने, अध्यावधिक गर्ने तथा तिनको सुरक्षा गर्ने जिम्मेवारी नगरपालिकाको हुनेछ।

(२) छाडा कुकुरहरुको संख्या नियन्त्रणका लागि नगरपलिकाले कुकुर बन्ध्याकरण सिविर तथा कार्यक्रम संचालन गर्न सक्नेछ।

(३) छाडा कुकुरहरुलाई लागउनु पर्ने रेविज, तथा अन्य जोखिमयुक्त परजीविहरुको खोप लागउने दायित्व नगरपालिकाको हुनेछ।

(४) कसैले पनि छाडा कुकुरलाई घृणा गर्ने, कुट्ने, पिट्ने, घाउचोट पुऱ्याउने, वा कुनै प्रकारको क्रुरता प्रर्दशन गर्नुहुदैन।

(५) छाडा कुकुरहरुप्रति मानिसमा सचेतना जगाउन तथा तिनिहरुको कल्याणका लागि नगरपालिकाले समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्र, कुकुर व्यवसायी तथा पशु कल्याणका क्षेत्रमा कार्यरत संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ।

(६) कसैले छाडा कुकुरलाई घरपालुवा कुकुर सरह पाल्न चाहेमा उक्त कुकुरलाई नगरपलिकामा यस कार्यविधिको दफा ४ बमोजिम दर्ता गराई पाल्न सक्नेछन्।

(७) सेवा शाखा मार्फत गरिनेछ। यस कार्यका लागि अन्य शाखा तथा महाशाखासँग समन्वय गरि कार्य गरिनेछ।

**८. कुकुर व्यवस्थापन केन्द्र (सेल्टर हाउस) सम्बन्धि व्यवस्थाः** (१) नगरपालिकाले छाडा कुकुर व्यवस्थापन तथा उद्धारका लागि छाडा कुकुर व्यवस्थापन केन्द्र (सेल्टर हाउस) स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(२) सेल्टर हाउसमा समुदायिक कुकुरहरुको शल्य चिकित्सा वा बन्ध्याकरण पछि हेरचाह र तत्काल खतरामा भएका कुकुरहरुको संक्रमणकालिन उद्धार गर्नका लागि राख सकिनेछ।

**९. कुकुर व्यवसाय सम्बन्धि व्यवस्थाः** (१) कुकुर व्यवसायीहरुले कुकुर खरिद विक्रि गर्नका लागि नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण गर्नुपर्नेछ 1

(२) कुकुर व्यवसायीहरुले कुकुर विक्री गर्दा कुकुरलाई नगरपालिकामा यस कार्यविधि बमोजिम दर्ता गराएर मात्र विक्री गर्नुपर्नेछ।

गोदावरी नगरपालिका

(३) कुकुर व्यवसायीहरुले व्यवसाय नविकरण गर्दा सो व्यवसाय मार्फत वर्षभरी भएको खरिद विक्रीको तथ्याङ्क बुझाउनुपर्नेछ ।

(४) रेविज लगायतका प्राणघातक रोगलाई महामारीको रुपमा फैलिन नदिन कुकुर व्यवसायीहरुले नगरपालिका तथा कुकुर धनीहरुसँग सहकार्य गरी विभिन्न कार्यक्रम तथा सिविर सञ्चालन गर्न सक्नेछन् ।

**१०. दुर्गम तथा ग्रामिण क्षेत्र भएका वडाहरुमा कुकुर व्यवस्थापन सम्बन्धमाः** कुकुर व्यवस्थापन सम्बन्धमा माथि जुनसुकै कुरा लेखिएको भएतापनि गलकोट नगरपालिकाको दुर्गम तथा ग्रामिण क्षेत्र भएका वडाहरुमा घरपालुवा तथा छाडा कुकुरको व्यवस्थापन गर्दा नगरपालिकाले विशेष सुविधा उपलब्ध गराउनेछ ।

**११. कसुर तथा सजायः** (१) दफा ६ को उपदफा (३) विपरीत कसैले कार्य गरेमा पहिलो पटक भए एक हजार रुपैया, दोस्रो पटक भए दुई हजार रुपैया तेस्रो पटकदेखि पटके पिच्छे तीन हजार रुपैयाँ जरिवाना गरिनेछ ।

**१२. अनुगमन तथा निर्देशनः**

यो कार्यविधिमा भएको व्यवस्था कार्यान्वयन भए नभएको अनुगमन गर्ने तथा आवश्यक निर्देशन दिने जिम्मेवारी नगरपालिका, सम्बन्धित वडा कार्यालय, पशु सेवा शाखा र स्थानीय टोल विकास संस्थाको हुनेछ ।

**१३. खारेजी र बचाऊः** यो कार्यविधि लागु हुनुपूर्व भए गरेका काम कार्वाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

राजपत्र गलकोट नगरपालिका

अनुसूचि-१

(दफा ४ को उपदफा १ सँग सम्बन्धित) निवेदन पत्रको ढाँचा

मितिः-

श्री

................नं. वडा कार्यालय

गलकोट नगरपालिका

गलकोट, बागलुङ

महोदय,

म गलकोट नगरपालिका वडा नं...... निवासी श्री ..........................................ले देहाय विवरणको कुकुर पाल्न चाहेको हुँदा उक्त कुकुरलाई गलकोट नगरपालिकाको **गलकोट नगरपालिकाको घरपालुवा तथा छाडा कुकुर व्यवस्थापन कार्यविधि, २०८१** बमोजिम दर्ता गरिदिनुहुन यो निवेदन पेश गर्दछु ।

विवरणः

कुकुरधनीको नामः ठेगानाः

घर न.

सम्पर्क नं.

कुकुरको प्रजातीः

कुकुरको उमेरः

कुकुरको फोटोः

राजपत्र गलकोट नगरपालिका

अनुसूचि – २

(दफा ४ को उपदफा ४ सँग सम्बन्धित)

गलकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

गलकोट, बागलुङ

**घरपालुवा कुकुर दर्ता प्रमाण - पत्र**

दर्ता नं........... मितिः....................

श्री...........................

गलकोट नगरपालिकाको घरपालुवा तथा छाडा कुकुर व्यवस्थापन कार्यविधि, २०८१ को दफा ४ को उपदफा ४ बमोजिम....................... साल..................... महिना................. गते यस कार्यालयमा................ नम्बर भएको कुकुर दर्ता गरी प्रमाणपत्र प्रदान गरिएको छ।

परिचय प्रमाण पत्र जारी गर्ने

सही

नाम थरः

पदः

नविकरणको विबरण:

| क्र.स | धनीको नामथर | ठेगाना | सम्पर्क नं. | कुकुरको जात | रंग | लिङ्ग | उमेर | फोटो | रसिद नं. र मिति | नविकरण गर्ने अधिकारीको सहि छाप |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**आज्ञाले**

थम्मन सिंह गौतम

प्रमुख प्रशासकीय अधिकृत

२०८१।०५।२४



राजपत्र गलकोट नगरपालिका